विधेयक सङ्ख्याः

# नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

**सङ्घीय संसद सचिवालय**

संसद भवन, सिंहदरबार

२०८३

## उद्देश्य र कारण

नेपाल कानून आयोगलाई कानून तर्जुमा तथा कानून र न्याय सम्बन्धी अध्ययन अनुसन्धानको क्षेत्रमा उत्कृष्ट निकाय (सेन्टर फर एक्सिलेन्सी) को रूपमा विकास गर्न मौजुदा कानूनी व्यवस्था पर्याप्त नभएकोले नेपाल कानून आयोगको संरचना र कार्यक्षेत्रमा आवश्यक परिमार्जन गरी आयोगको समग्र कार्यसम्पादनको स्तर सुधार गर्न नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न यो विधेयक तयार गरिएको छ। प्रस्तुत संशोधन विधेयकले संवत २०६३ सालमा जारी भएको नेपाल कानून आयोग ऐन, २०६३ लाई समायानुकूल बनाई आयोगबाट सम्पादन हुने काम कारबाही छिटो छरितो, प्रभावकारी र गुणस्तरीय बनाउने उद्देश्य लिएको छ।

विधेयकमा मुख्य रूपमा आयोगको गठन, आयोगमा नियुक्त हुने उपाध्यक्ष र सदस्यको योग्यता, आयोगको काम कर्तव्य र अधिकार, आयोगको काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि उपाध्यक्ष र सदस्यहरूको कार्य विभाजन, नेपाल सरकारका सम्बन्धित मन्त्रालयले विस्तृत अध्ययन तथा अनुसन्धानमा आधारित भई विधेयकको तर्जुमा गर्दा त्यस्ता विधेयकको मस्यौदा नेपाल कानून आयोगबाट गर्नुपर्ने विषयहरू समावेश गरिएको छ।

त्यसैगरी विधेयकमा आयोगले प्रदेश र स्थानीय तहको अनुरोधमा प्रदेश तथा स्थानीय तहको लागि आवश्यक विधेयक तर्जुमा गर्नसक्ने,प्रदेश र स्थानीय तहका लागि नेपाल सरकारले बनाउनु पर्ने नमूना कानूनको मस्यौदा आयोगबाट तयार गर्ने लगायतका विषयहरू समावेश गरी नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न आवश्यक भएकोले यो विधेयक पेस गरेको छु।

सोविता गौतम
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला

२०८३ साउन २८

# आर्थिक टिप्पणी

नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा आयोगको उपाध्यक्ष र अन्य तीन जना सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारीको रूपमा नियुक्त गर्ने, आयोगले सम्पादन गर्नुपर्ने कुनै विशेष अध्ययन, अनुसन्धान सम्बन्धी कार्यको लागि आयोगमा त्यस्तो जनशक्ति नभएको अवस्थामा विशेषज्ञ सेवा लिनसक्ने व्यवस्थाहरू प्रस्ताव गरिएको छ। उल्लिखित व्यवस्थाहरूको कार्यान्वयनबाट नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने भए तापनि विनियोजित बजेटबाट नै त्यसको व्यवस्थापन गरिनेछ।

## नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क्र.स. | विधेयकको दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ८ बाट थप भएको मूल ऐनको दफा १०क. | आयोगको कामकारबाहीलाई प्रभावकारी रूपमा सम्पादन गर्न आयोगको उपाध्यक्ष र सदस्यहरूको विषयविज्ञताको आधारमा आयोगले कार्य विभाजन गर्नुपर्ने भएकोले। | आयोगको उपाध्यक्ष र सदस्यहरूको काम कर्तव्य आयोगले तोक्ने। | आयोगको उपाध्यक्ष र सदस्यहरूको कार्य जिम्मेवारी स्पष्ट हुने। |
| २ | दफा १० बाट थप भएको मूल ऐनको दफा १३ को खण्ड (छ) | आयोगको कामकारबाही प्रभावकारी बनाउन अध्यक्षले उपाध्यक्षलाई जिम्मेवारी तोक्न सक्ने। | अध्यक्षले ऐनमा उल्लेख गरिएका काम, कर्तव्य बाहेक आयोगसँग सम्बन्धित काम तोक्न सक्ने। | उपाध्यक्षको काम, कर्तव्य स्पष्ट हुने। |
| ३ | दफा १८ बाट थप भएको मूल ऐनको दफा २७क. | नेपाल कानून आयोगले ऐनको प्रभावकारी कार्यान्वयनको लागि निर्देशिका तथा कार्यविधि बनाउन सक्ने व्यवस्था गर्नुपर्ने भएकोले | ऐनको अधीनमा रही आयोगले निर्देशिका र कार्यविधि बनाई लागू गर्ने। | ऐनको प्रभावकारी कार्यान्वयन हुने। |

# नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "नेपाल कानून आयोग (पहिलो संशोधन) ऐन, २०८३ रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **नेपाल कानून आयोग ऐन, २०६३ को दफा २ मा संशोधन :** (१) नेपाल कानून आयोग ऐन, २०६३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले उपाध्यक्ष र सदस्य सचिवलाई समेत जनाउँछ।"

३. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. **आयोगको गठन** : (१) आयोगको गठन देहायबमोजिम हुनेछ :-

(क) मन्त्री, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -अध्यक्ष

(ख) कानून तर्जुमाको क्षेत्रमा काम गरी विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा कानून तर्जुमाको क्षेत्रमा कम्तीमा बीस वर्षको कार्य अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -उपाध्यक्ष

(ग) कानून तर्जुमाको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेका दुई जना -सदस्य

(घ) संवैधानिक वा कानूनको क्षेत्रमा अध्यापन वा अनुसन्धान सम्बन्धी कार्यमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू

| | | |
|---|---|---|
| | मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना | -सदस्य |
| (ङ) | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (च) | सचिव | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम नियुक्त हुने व्यक्तिहरू मध्ये कम्तीमा एकजना महिला हुनु पर्नेछ।"

४. **<u>मूल ऐनको दफा ६ मा संशोधन</u>** : मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :-

"६. **<u>उपाध्यक्ष तथा सदस्यको योग्यता</u>** : उपाध्यक्ष तथा सदस्यमा नियुक्ति हुनको लागि दफा ४ मा उल्लिखित योग्यताको अतिरिक्त देहायको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) पैंतालीस वर्ष उमेर पूरा भएको,

(ग) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा स्नातकोत्तरको उपाधि प्राप्त गरेको,

(घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, र

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, राहदानी दुरूपयोग, जबरजस्ती करणी वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदातलबाट कसुरदार नठहरिएको।"

५. **<u>मूल ऐनको दफा ७ मा संशोधन</u>** : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. **<u>उपाध्यक्ष र सदस्यको पदावधि</u>** : (१) उपाध्यक्ष र दफा ४ को उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम नियुक्त सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्ष वा नियुक्त सदस्यमा कार्यक्षमताको अभाव भएमा वा निजले पद अनुकूलको आचारण नगरेमा नेपाल सरकार, मन्त्रिपरिषद्ले निजलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ।

तर पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।"

६. **<u>मूल ऐनको दफा ८ मा संशोधन</u>** : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-

"८. **पद रिक्त हुने अवस्था** : उपाध्यक्ष र सदस्यको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछ :-

(क) दफा ६ बमोजिमको योग्यता नरहेमा,

(ख) दफा ७ को उपदफा (२) बमोजिम पदबाट हटाइएमा,

(ग) निजले राजीनामा दिएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निजको उमेर सत्तरी वर्ष पूरा भएमा,

(च) विदेशको स्थायी आवसीय अनुमतिपत्र लिएको व्यक्ति भएमा, वा

(छ) निजको मृत्यु भएमा।"

७. **मूल ऐनको दफा १० मा संशोधन** : मूल ऐनको दफा १० को खण्ड (ठ) पछि देहायका खण्ड (ठ१), (ठ२), (ठ३), (ठ४), (ठ५) र (ठ६) थपिएका छन् :-

"(ठ१) प्रचलित ऐन कार्यान्वयनको अवस्थाको मूल्याङ्कनको लागि सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आएमा ऐन कार्यान्वयन मूल्याङ्कन गरी सोको प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पठाउने,

(ठ२) नेपाल कानून सूचना प्रणाली (नेपाल ल इन्फरमेशन सिष्टम) सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ठ३) प्रदेश वा स्थानीय तहबाट निर्माण भएका कानूनको अध्ययन तथा पुनरावलोकन गर्ने,

(ठ४) फौजदारी तथा देवानी कानूनको क्षेत्रमा गर्नुपर्ने सुधारको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

(ठ५) नेपाल कुनै अन्तर्राष्ट्रिय सन्धिको पक्ष हुन पर्ने नपर्ने सम्बन्धमा अध्ययन गरी पक्ष हुनुपर्ने भएमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(ठ६) कानून तर्जुमा गर्ने कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाउन तथा कानून तर्जुमामा एकरूपता कायम गर्न कानून तर्जुमा दिग्दर्शन बनाउने,"

८. **मूल ऐनमा दफा १०क. थप** : मूल ऐनको दफा १० पछि देहायको दफा १०क. थपिएको छ :-

"१०क. **आयोगको कार्य विभाजन** : आयोगको कामकारबाहीलाई प्रभावकारी रूपमा सम्पादन गर्न आयोगले तोकेबमोजिम उपाध्यक्ष र सदस्यहरूको कार्य विभाजन गरिनेछ।"

९. **मूल ऐनको दफा ११ मा संशोधन** : मूल ऐनको दफा ११ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ:-

"(७) आयोगले आफ्नो बैठकमा आवश्यकताअनुसार कुनै विशेषज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ।"

१०. **मूल ऐनको दफा १३ मा संशोधन** : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ:-

"१३. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** (१) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) अध्यक्षको अनुपस्थितिमा आयोगको बैठकको अध्यक्षता गर्ने,

(ख) उपाध्यक्षको हैसियतले आयोगले सम्पादन गर्ने दफा १० बमोजिमका कार्य गर्ने गराउने,

(ग) अन्य मुलुकका कानून आयोगसँग समन्वय तथा सहकार्य गरी कानून निर्माणमा त्यस्ता निकायका असल अभ्यासको अनुसरण गर्ने,

(घ) कानून र न्यायका मान्य सिद्धान्त तथा नविनतम प्रविधिको उपयोग गरी गुणस्तरीय कानून निर्माण र प्रविधि मैत्री आयोग बनाउन पहल गर्ने,

(ङ) आयोगको काम कारबाही समन्वयत्मक ढङ्गले सञ्चालन गर्ने,

(च) आयोगसँग सम्बन्धित अन्य काम गर्ने, र

(छ) अध्यक्षले तोकेको काम गर्ने।

११. **मूल ऐनको दफा १४ मा संशोधन** : मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ:-

"१४. **उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवाका शर्त र सुविधा** : (१) उपाध्यक्ष तथा दफा ४ को उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम नियुक्त सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

(२) उपाध्यक्ष र नियुक्त सदस्यले क्रमशः संवैधानिक निकायका प्रमुख र सदस्यले पाए सरहको पारिश्रमिक र सुविधा पाउनेछन्।"

१२. **मूल ऐनको दफा १५ मा संशोधन** : मूल ऐनको दफा १५ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ:-

"(घ१) आयोगको बैठकको प्रस्ताव तयार गरी पेस गर्ने,"

१३. **मूल ऐनमा दफा १७ मा संशोधन** : मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-

"१७. **विशेषज्ञको सेवा लिन सक्ने** : (१) आयोगले दफा १० बमोजिमका विषयमा अध्ययन, अनुसन्धान गर्न सम्बन्धित क्षेत्रका विशेषज्ञको सूची तयार गरी रोष्टर बनाउनेछ।

(२) आयोगले उपदफा (१) बमोजिमको सूचीमा रहेका विशेषज्ञबाट आवश्यकताअनुसार अध्ययन, अनुसन्धान गराउन सक्नेछ।

(३) आयोगले सम्पादन गर्नुपर्ने कुनै विशेष अध्ययन, अनुसन्धान सम्बन्धी कार्यको लागि आयोगमा आवश्यक जनशक्ति नभएको अवस्थामा त्यस्तो कार्यका लागि विशेषज्ञ सेवा लिन सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको सेवा लिए बापतको सुविधा उपलब्ध गराउनु पूर्व नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।"

१४. **मूल ऐनको दफा २१ मा संशोधन** : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा२१ राखिएको छ :-

"२१. **आयोग मार्फत विधेयक तर्जुमा गर्नुपर्ने** : नेपाल सरकारको सम्बन्धित मन्त्रालयले विस्तृत अध्ययन तथा अनुसन्धानमा आधारित भई विधेयकको तर्जुमा गर्नुपर्ने भएमा त्यस्ता विधेयकको मस्यौदा आयोगबाट गराउनु पर्नेछ।"

१५. **मूल ऐनमा दफा २१क. र २१ख. थप** : मूल ऐनको दफा २१ पछि देहायको दफा २१क. र २१ख. थपिएको छ :-

"२१क. **प्रदेश तथा स्थानीय तहको विधेयक तर्जुमा गर्ने** : (१) आयोगले प्रदेश र स्थानीय तहको अनुरोधमा प्रदेश तथा स्थानीय तहको लागि आवश्यक विधेयक तर्जुमा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विधेयक प्रदेश वा स्थानीयतहबाट अनुरोध भई आएको मितिले सामन्यतया नब्बेदिन भित्र तर्जुमा गरी पठाउनु पर्नेछ।

२१ख. **नमूना कानूनको मस्यौदा गर्ने** : (१) प्रदेश र स्थानीय तहका लागि नेपाल सरकारले बनाउनु पर्ने नमूना कानूनको मस्यौदा तयार गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले आयोगलाई अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध भई आएमा आयोगले नब्बेदिन भित्र नमूना कानूनको मस्यौदा तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पेस गर्नु पर्नेछ।"

१६. **<u>मूल ऐनको दफा २२ मा संशोधन</u>** : मूल ऐनको दफा २२ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "प्रधानमन्त्री" भन्ने शब्द राखिएको छ।

१७. **<u>मूल ऐनको दफा २५ मा संशोधन</u>** : मूल ऐनको दफा २५ मा रहेका "अध्यक्षले प्रधान न्यायाधीशसमक्ष र उपाध्यक्ष तथा सदस्यले अध्यक्ष समक्ष" भन्ने शब्दहरूको सट्टा "उपाध्यक्ष र सदस्यले अध्यक्षसमक्ष" भन्ने शब्दहरू राखिएका छन्।

१८. **<u>मूल ऐनमा दफा २७क. थप</u>** : मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छ:-

"२७क. **<u>निर्देशिका तथा कार्यविधि बनाउन सक्ने</u>** : यस ऐनको प्रभावकारी कार्यान्वयन गर्न आयोगले आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।"

१९. **<u>मूल ऐनको अनुसूचीमा संशोधन</u>** : मूल ऐनको अनुसूचीमा रहेका "अध्यक्ष/सदस्य" भन्ने शब्दहरूको सट्टा "उपाध्यक्ष/सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

२०. **<u>खारेजी</u>** : मूल ऐनको दफा ५, ९, १२ र १९ खारेज गरिएको छ।

## नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र.सं | विधेयकको दफा | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | २ | • ऐनमा प्रयोग भएको "सदस्य" भन्ने शब्दले आयोगको सदस्य र आवश्यकता अनुसार उपाध्यक्ष तथा सदस्य सचिवलाई समेत जनाउने गरी परिभाषा गरिएको छ। |
| २ | ३ | • ऐनको दफा ४ मा संशोधन गरी आयोगको मौजुदा संरचना परिमार्जन गरी आयोगको काम, कारबाहीलाई प्रभावकारी रूपले सञ्चालन गर्नको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्री अध्यक्ष र कानून तर्जुमाको क्षेत्रमा काम गरी विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा कानून तर्जुमाको क्षेत्रमा कम्तीमा बीस वर्षको कार्य अनुभव हासिल गरेका व्यक्ति मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति उपाध्यक्ष; संवैधानिक वा कानूनको क्षेत्रमा अध्यापन वा अनुसन्धान सम्बन्धी कार्यमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्ति मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना व्यक्ति सदस्य; कानून तर्जुमाको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव हासिल गरेका व्यक्ति मध्येबाट नेपाल सरकारले नियुक्त गरेका दुई जना र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव र आयोगको सचिव पदेन सदस्य रहने र त्यसरी नियुक्त हुने सदस्यहरू मध्ये कम्तीमा एक जना सदस्य महिला हुनुपर्ने व्यवस्था गरिएको छ। नेपाल कानून आयोगलाई कानून तर्जुमा तथा कानून र न्याय सम्बन्धी अध्ययन अनुसन्धानको क्षेत्रमा उत्कृष्ट निकाय (सेन्टर फर एक्सिलेन्सी) को रूपमा विकास गर्ने यो व्यवस्था प्रस्ताव गरिएको हो। |
| ३ | ४ | • ऐनको दफा ६ मा आयोगका उपाध्यक्ष र नियुक्त सदस्यको योग्यता तोकिएको छ। सो दफामा नेपाली नागरिक, पैंतालीस वर्ष उमेर पूरा भएको, नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा स्नातकोत्तरको उपाधि प्राप्त गरेको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, राहदानी दुरूपयोग, जबरजस्ती करणी वा नैतिक पतन देखिने फौजदारी कसूरमा |

| | | |
|---|---|---|
| | | अदातलबाट कसुरदार नठहरिएको व्यक्ति आयोगको उपाध्यक्ष र सदस्य हुनको लागि योग्य हुने व्यवस्था प्रस्ताव गरिएको छ। आयोगले सम्पादन गर्ने कार्य सम्पादनको आधिकारीक व्यवस्था गर्न सो बमोजिम योग्यता पुगेको व्यक्ति सो पदमा नियुक्त हुनुपर्ने सिद्धान्त बमोजिम यो व्यवस्था प्रस्ताव गरिएको छ। |
| ४ | ५ | • आयोगको कार्य सम्पादनको जिम्मेवार पदाधिकारीलाई जिम्मेवार बनाउन उपाध्यक्ष वा नियुक्त सदस्यमा कार्यक्षमताको अभाव भएमा वा निजले पद अनुकूलको आचारण नगरेमा नेपाल सरकार, मन्त्रिपरिषद्ले निजलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्ने र निजहरूलाई पदबाट हटाउनुपूर्व सफाई पेस गर्ने मौका दिनुपर्ने व्यवस्था गरिएको छ। |
| ५ | ६ | • ऐनको दफा ८ मा संशोधन गरी ऐनले निर्दिष्ट गरे बमोजिम आयोगका पदाधिकारीहरूको योग्यता नभएमा, कार्यक्षमताको अभाव वा पद अनुकूल कार्यसम्पादन नगरेमा, उपाध्यक्ष र सदस्यहरूले राजिनामा दिएमा, उपाध्यक्ष र सदस्यहरूको पदावधि समाप्त भएमा, उपाध्यक्ष र सदस्यहरूको उमेर सत्तरी वर्ष पूरा भएमा, उपाध्यक्ष र सदस्यहरूले विदेशी स्थायी आवसीय अनुमतिपत्र लिएमा वा निजको मृत्यु भएमा आयोगका उपाध्यक्ष र सदस्यको पद रिक्त हुने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ६ | ७ | • नेपाल कानून आयोगको कार्यजिम्मेवारी विस्तार गर्न ऐनको दफा १० मा थप गरी प्रचलित ऐन कार्यान्वयनको अवस्थाको मूल्याङ्कनको लागि सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आएमा ऐन कार्यान्वयन मूल्याङ्कन गरी सोको प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पठाउने, नेपाल कानून सूचना प्रणाली (नेपाल ल इन्फरमेशन सिष्टम) सञ्चालन तथा व्यवस्थापन गर्ने, प्रदेश वा स्थानीय तहबाट निर्माण भएका कानूनको अध्ययन तथा पुनरावलोकन गर्ने, फौजदारी तथा देवानी कानूनको क्षेत्रमा गर्नुपर्ने सुधारको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने, नेपाल कुनै अन्तर्राष्ट्रिय सन्धिको पक्ष हुनु पर्ने नपर्ने सम्बन्धमा अध्ययन गरी पक्ष हुनु पर्ने भएमा नेपाल सरकारलाई सिफारिस गर्ने काम समेत आयोगले गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ७ | ८ | • ऐनको दफा १० पछि दफा १०क. थप गरी आयोगको काम कारबाहीलाई प्रभावकारी रूपले सम्पन्न गर्नको लागि आयोगका उपाध्यक्ष |

| | | |
|---|---|---|
| | | र सदस्यहरूको विषय विज्ञताको आधारमा आयोगले कार्य विभाजन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ८ | ९ | • ऐनको दफा ११ को उपदफा (७) मा संशोधन गरी आयोगको बैठकमा आवश्यकताअनुसार कुनै विशेषज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ९ | १० | • ऐनको दफा १३ मा संशोधन गरी आयोगका उपाध्यक्षको काम कर्तव्य र अधिकारलाई प्रष्ट बनाईएको छ। जस अन्तर्गत अध्यक्षको अनुपस्थितिमा आयोगको बैठकको अध्यक्षता गर्ने, उपाध्यक्षको हैसियतले आयोगले सम्पादन गर्ने दफा १० बमोजिमका कार्य गर्ने गराउने, अन्य मुलुकका कानून आयोगसँग समन्वय तथा सहकार्य गरी कानून निर्माणमा त्यस्ता निकायका असल अभ्यासको अनुसरण गर्ने, कानून र न्यायका मान्य सिद्धान्त तथा नविनतम प्रविधिको उपयोग गरी गुणस्तरीय कानून निर्माण र प्रविधि मैत्री आयोग बनाउन पहल गर्ने, आयोगको काम कारबाही समन्वयत्मक ढङ्गले सञ्चालन गर्ने, आयोगसँग सम्बन्धित अन्य काम गर्ने र अध्यक्षले तोकेको अन्य काम गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| १० | ११ | • ऐनको दफा १४ मा संशोधन गरी आयोगका उपाध्यक्ष तथा नियुक्त सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारी हुने र उपाध्यक्ष र नियुक्त सदस्यले क्रमशः संवैधानिक निकायका प्रमुख र सदस्यले पाए सरहको पारिश्रमिक र सुविधा पाउने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ११ | १२ | • आयोगको बैठकको प्रस्ताव तयार गर्ने जिम्मेवारी आयोगको सचिवमा रहने गरी ऐनको दफा १५ को उपदफा (२) को खण्ड (घ) पछि खण्ड (घ१) थप गरी आयोगको सचिवले आयोगको बैठकको प्रस्ताव तयार गरी आयोगमा पेस गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| १२ | १३ | • ऐनको दफा १७ मा संशोधन गरी आयोगले दफा १० बमोजिमका विषयमा अध्ययन, अनुसन्धान गर्न सम्बन्धित क्षेत्रका विशेषज्ञको सूची तयार गरी रोष्टर बनाउने, रोष्टरमा रहेका विशेषज्ञबाट आवश्यकताअनुसार अध्ययन, अनुसन्धान गराउने र आयोगले सम्पादन गर्नुपर्ने कुनै विशेष अध्ययन, अनुसन्धान सम्बन्धी कार्यको लागि आयोगमा त्यस्तो जनशक्ति नभएको अवस्थामा त्यस्तो कार्यका लागि विशेषज्ञ सेवा |

| | | |
|---|---|---|
| | | लिन र त्यसरी विशेषज्ञ सेवा लिए बापत् सुविधा उपलब्ध गराउनु पूर्व नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| १३ | १४ | • ऐनको दफा २१ मा संशोधन गरी नेपाल सरकारका सम्बन्धित मन्त्रालयले तर्जुमा गर्नुपर्ने विधेयकको विस्तृत अध्ययन तथा अनुसन्धान गर्नुपर्ने भएमा त्यस्ता विधेयकको मस्यौदा आयोगबाट गराउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| १४ | १५ | • ऐनको दफा २१ पछि दफा २१क. थप गरी आयोगले प्रदेश र स्थानीय तहको अनुरोधमा प्रदेश तथा स्थानीय तहको लागि आवश्यक विधेयक तर्जुमा गर्न सक्ने र त्यसरी तर्जुमा गर्ने विधेयक प्रदेश वा स्थानीयतहबाट अनुरोध भई आएको मितिले सामन्यतया नब्बेदिन भित्र तर्जुमा गरी पठाउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ।<br>• ऐनको दफा २१क. पछि दफा २१ख. थप गरी प्रदेश र स्थानीय तहका लागि नेपाल सरकारले बनाउनु पर्ने नमूना कानूनको मस्यौदा तयार गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले आयोगलाई अनुरोध गर्न सक्ने र त्यसरी अनुरोध भएमा आयोगले नब्बेदिन भित्र नमूना कानूनका मस्यौदा तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पेस गर्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| १५ | १६ | • ऐनको दफा २२ मा आयोगको प्रतिवेदन प्रधानमन्त्री समक्ष पेस गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| १६ | १७ | • ऐनको दफा २५ मा संशोधन गरी आयोगका उपाध्यक्ष र आयोगमा नियुक्त हुने सदस्यले आयोगको अध्यक्ष समक्ष सपथ लिनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| १७ | १८ | • ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पर्ने प्रत्यायोजित विधायन जारी गर्ने अधिकार ऐनबाट नै गर्न उपयुक्त हुने भएकोले आयोगले आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| १८ | १९ | • दफा २५ मा रहेको सपथ सम्बन्धी व्यवस्थामा संशोधन गरिएकोले सोही |

| | | |
|---|---|---|
| | | बमोजिम मिलाउनु पर्ने भएकोले यो व्यवस्था प्रस्ताव गरिएको छ। |
| १९ | २० | • ऐनमा रहेका विभिन्न दफाहरूमा गरिएको संशोधनका कारण दफा ५, ९, १२, १९ को औचित्य नभएकोले खारेज गर्न प्रस्ताव गरिएको छ। |

## नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| क्र. सं | दफा | साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्नेको कारण |
|---|---|---|---|---|
| १. | २ | २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,- <br> (घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छर सो शब्दले अध्यक्ष, उपाध्यक्ष, मानार्थ सदस्य र सदस्य–सचिव समेतलाई जनाउँछ। | **नेपाल कानून आयोग ऐन, २०६३ को दफा २ मा संशोधन :** (१) नेपाल कानून आयोग ऐन, २०६३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :- <br> "(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले उपाध्यक्ष र सदस्य सचिवलाई लाई समेत जनाउँछ।" | कानून न्याय तथा संसदीय मामिला मन्त्री आयोगका अध्यक्ष हुने र आयोगमा मानार्थ सदस्य नरहने गरी विधेयको मस्यौदामा व्यवस्था गरिएकोले सो बमोजिम हुने गरी संशोधन गरिएको। |
| २. | ३ | ४. आयोगको गठनः (१) आयोगको गठन देहाय बमोजिम हुनेछः– <br> (क) सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति <br> (ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको | ४. **आयोगको गठन** : (१) आयोगको गठन देहायबमोजिम हुनेछ :- <br> (क) मन्त्री, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -अध्यक्ष <br> (ख) कानून तर्जुमाको क्षेत्रमा काम गरी विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा कानून तर्जुमाको क्षेत्रमा कम्तीमा बीस वर्षको कार्य अनुभव हासिल गरेका व्यक्तिहरू | आयोगलाई कानूनको तथा नेपाल सरकारले सङ्घीय संसदमा पेस गर्नुपर्ने विधेयकको तर्जुमा गर्ने विशिष्टिकृत संस्था बनाउने प्रयोजनको लागि आयोगको संरचनात्मक व्यवस्थामा परिवर्तन गर्न आवश्यक भएकोले आयोगको वर्तमान संरचनालाई परिमार्जन गरी कानून, न्याय तथा संसदीय |

| | | | | |
|---|---|---|---|---|
| | | हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रुपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति<br>(ग) खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तीनजना<br>(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>(ङ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>(च) नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय<br>(छ) सचिव – | मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -उपाध्यक्ष<br>(ग) कानून तर्जुमाको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेका दुई जना -सदस्य<br>(घ) संवैधानिक वा कानूनको क्षेत्रमा अध्यापन वा अनुसन्धान सम्बन्धी कार्यमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना -सदस्य<br>(ङ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य<br>(च) सचिव -सदस्य-सचिव<br>(२) उपदफा (१) को खण्ड (ग) र (घ) | मामिला मन्त्री अध्यक्ष तथा अन्य विषयका विषयगत विज्ञ रहने व्यवस्था गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | (२) आयोगको अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुको नियुक्ति तथा मनोनयनको लागि नेपाल सरकार समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः–<br>(क) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री<br>(ख) सभापति, कानून तथा मानव अधिकार समिति, प्रतिनिधिसभा<br>(ग) अध्यक्ष, नेपाल बार एशोसिएसन | बमोजिम नियुक्त हुने व्यक्तिहरूमध्ये कम्तीमा एकजना महिला हुनु पर्नेछ।” | |
| ३. | ४ | ६. **<u>अध्यक्ष, उपाध्यक्ष तथा सदस्यको योग्यताः</u>** आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्यमा नियुक्त तथा मनोनयन हुनको लागि दफा ४ को उपदफा (१) को खण्ड (क) वा (ख) मा उल्लिखित योग्यताको अतिरिक्त देहायका योग्यता पुगेको हुनु पर्नेछः–<br>(क) नेपाली नागरिक,<br>(ख) पैंतालीस वर्ष उमेर पूरा भएको,<br>(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको,<br>(घ) नैतिक पतन देखिने कुनै फौजदारी | ६. **<u>उपाध्यक्ष तथा सदस्यको योग्यता</u>**ः उपाध्यक्ष तथा सदस्यमा नियुक्त हुनको लागि दफा ४ मा उल्लिखित योग्यताको अतिरिक्त देहायको योग्यता पुगेको हुनु पर्नेछ :-<br>(क) नेपाली नागरिक,<br>(ख) पैंतालीस वर्ष उमेर पूरा भएको,<br>(ग) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा स्नातकोत्तरको उपाधि प्राप्त गरेको,<br>(घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, र | आयोगको संरचनामा परिवर्तन भई कानून, न्याय तथा संसदीय मामिला मन्त्री अध्यक्ष रहने व्यवस्था गरिएकोले साविकको अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको योग्यतामा परिमार्जन गरी उपाध्यक्ष र सदस्यको योग्यता निर्धारण गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | अभियोगमा अदालतबाट सजाय नपाएको,<br>(ङ) मगज नबिग्रेको । | (ङ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, राहदानी दुरूपयोग, जबरजस्ती करणी वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदातलबाट कसुरदार नठहरिएको।” | |
| ४. | ५ | ७. <u>अध्यक्ष, उपाध्यक्ष र सदस्यको पदावधिः</u> (१) अध्यक्ष तथा उपाध्यक्षको पदावधि पाँच वर्षको हुनेछ ।<br>(२) सदस्यको पदावधि दुई वर्षको हुनेछ । | “**७. <u>उपाध्यक्ष र सदस्यको पदावधि</u>** :(१) उपाध्यक्ष र दफा ४ को उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम नियुक्त सदस्यको पदावधि पाँच वर्षको हुनेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्ष वा नियुक्त सदस्यमा कार्यक्षमताको अभाव भएमा वा निजले पद अनुकूलको आचारण नगरेमा नेपाल सरकार, मन्त्रिपरिषद्ले निजलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ।<br>तर पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ। | आयोगमा नियुक्त हुने पुर्णकालीन उपाध्यक्ष र नियुक्त हुने सदस्यको पदावधि समान बनाउन तथा उपाध्यक्ष वा नियुक्त सदस्यमा कार्यक्षमताको अभाव भएमा वा निजले पद अनुकूलको आचारण नगरेमा नेपाल सरकार, मन्त्रिपरिषद्ले पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ५. | ६ | ८. <u>पद रिक्त हुने अवस्थाः</u> पदेन बाहेक अन्य सदस्यको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछः–<br>(क) निजले नेपाल सरकार समक्ष राजीनामा दिएमा,<br>(ख) निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा,<br>(घ) दफा ६ बमोजिमको योग्यता नरहेमा । | "८. **<u>पद रिक्त हुने अवस्था</u>** : उपाध्यक्ष र सदस्यको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछ :-<br>(क) दफा ६ बमोजिमको योग्यता नरहेमा,<br>(ख) दफा ७ को उपदफा (३) बमोजिम पदबाट हटाइएमा,<br>(ग) निजले राजीनामा दिएमा,<br>(घ) निजको पदावधि पूरा भएमा,<br>(ङ) निजको उमेर सत्तरी वर्ष पूरा भएमा,<br>(च) विदेशको स्थायी आवसीय अनुमतिपत्र लिएको व्यक्ति भएमा, वा<br>(छ) निजको मृत्यु भएमा।" | कानून, न्याय तथा संसदीय मामिला मन्त्री आयोगको अध्यक्ष रहने व्यवस्था गरिएकोले साविकको अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पद रिक्त हुने व्यवस्थालाई परिमार्जन गरी उपाध्यक्ष र सदस्यको मात्र पद रिक्त हुने अवस्था निर्धारण गर्न आवश्यक भएकोले। |
| ६. | ७ | १०. <u>आयोगको काम, कर्तव्य र अधिकारः</u> आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–<br>(क) नयाँकानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,<br>(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार | **<u>मूल ऐनको दफा १० मा संशोधन</u>** : मूल ऐनको दफा १० को खण्ड (ठ) पछि देहायका खण्ड (ठ१), (ठ२), (ठ३), (ठ४), (ठ५) र (ठ६) थपिएका छन् :-<br>(ठ१) प्रचलित ऐन कार्यान्वयनको अवस्थाको मूल्याङ्कनको लागि सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आएमा ऐन कार्यान्वयन मूल्याङ्कन गरी सोको प्रतिवेदन | आयोगको काम कर्तव्य र अधिकार विस्तार गरी सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आएमा विधेयकको तर्जुमाको अतिरिक्त ऐन कार्यान्वयन मूल्याङ्कन गर्ने, नेपाल कानून सूचना प्रणाली (नेपाल |

| | | | | |
|---|---|---|---|---|
| | | समक्ष पेश गर्ने,<br>(ग) प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,<br>(घ) नयाँकानून निर्माण गर्ने र आवश्यकतानुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने,<br>(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,<br>(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकतानुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,<br>(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकतानुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य | सम्बन्धित मन्त्रालयमा पठाउने,<br>(ठ२) नेपाल कानून सूचना प्रणाली (नेपाल ल इन्फरमेशन सिष्टम) सञ्चालन तथा व्यवस्थापन गर्ने,<br>(ठ३) प्रदेश वा स्थानीय तहबाट निर्माण भएका कानूनको अध्ययन तथा पुनरावलोकन गर्ने,<br>(ठ४) फौजदारी तथा देवानी कानूनको क्षेत्रमा गर्नुपर्ने सुधारको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,<br>(ठ५) नेपाल कुनै अन्तर्राष्ट्रिय सन्धिको पक्ष हुनपर्ने नपर्ने सम्बन्धमा अध्ययन गरी पक्ष हुनुपर्ने भएमा नेपाल सरकारलाई सिफारिस गर्ने,<br>(ठ६) कानून तर्जुमा गर्ने कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाउन तथा कानून तर्जुमामा एकरूपता कायम गर्न कानून तर्जुमा दिग्दर्शन बनाउने | ल इन्फरमेशन सिष्टम) सञ्चालन तथा व्यवस्थापन गर्ने, प्रदेश वा स्थानीय तहबाट निर्माण भएका कानूनको अध्ययन तथा पुनरावलोकन गर्ने तथा नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धीको अध्ययन गर्ने लगायतका अधिकार प्रदान गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने,<br>(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,<br>(झ) कानून निर्माण प्रक्रियामा आवश्यकतानुसार जनधारणा र राय सुझाव सङ्कलन गर्ने,<br>(ञ) कानूनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकतानुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,<br>(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरुसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरु आदान प्रदान गर्ने,<br>(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरुप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरुप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेश गर्ने,<br>(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,<br>(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरु गर्ने । | | |

| | | | | |
|---|---|---|---|---|
| ७. | ८ | नयाँ व्यवस्था थप | "१०क. **<u>आयोगको कार्य विभाजन</u>**: आयोगको कामकारबाहीलाई प्रभावकारी रूपमा सम्पादन गर्न आयोगले तोकेबमोजिम उपाध्यक्ष र सदस्यहरूको कार्य विभाजन गरिनेछ।" | आयोगको काम कर्तव्य र अधिकारलाई प्रभावकारी बनाउनको लागि आयोगका उपाध्यक्ष र सदस्यहरूको विज्ञताको आधारमा कार्य विभाजन गर्न आवश्यक भएकोले। |
| ८. | ९ | ११. <u>आयोगको बैठक सम्बन्धी कार्यविधि:</u><br>(७) आयोगले आफ्नो बैठकमा आवश्यकतानुसार कुनै विशेषज्ञ वा मानार्थ सदस्यलाई पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ। | **<u>मूल ऐनको दफा ११ मा संशोधन</u>** : मूल ऐनको दफा ११ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ :-<br>"(७) आयोगले आफ्नो बैठकमा आवश्यताअनुसार कुनै विशेषज्ञ वा सरोकारवाला व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।" | आयोगले बैठकमा विशेषज्ञ र सरोकारावालालाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्ने व्यवस्था गर्नुपर्ने भएकोले। |
| ९. | १० | १३. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार:</u> (१) उपाध्यक्ष आयोगमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।<br>(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–<br>(क) उपाध्यक्षको हैसियतले आयोगसँग सम्बन्धित काम गर्ने,<br>(ख) अध्यक्ष विदामा बसेको वा नरहेको वा काजमा रहेको अवस्थामा अध्यक्षले | **<u>मूल ऐनको दफा १३ मा संशोधन:</u>** मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ :-<br>**"१३. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u> :**<br>(१) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-<br>(क) अध्यक्षको अनुपस्थितिमा आयोगको बैठकको अध्यक्षता गर्ने, | कानून न्याय तथा संसदीय मामिला मन्त्री अध्यक्ष रहेको सन्दर्भमा उपाध्यक्षको काम, कर्तव्य र अधिकारलाई परिमार्जन गरी निजको काम कर्तव्यका सम्बन्धमा |

| | | | | |
|---|---|---|---|---|
| | | गर्नुपर्ने काम गर्ने,<br>(ग) अध्यक्षले तोकेको काम गर्ने । | (ख) उपाध्यक्षको हैसियतले आयोगले सम्पादन गर्ने दफा १० बमोजिमका कार्य गर्ने गराउने,<br>(ग) अन्य मुलुकका कानून आयोगसँग समन्वय तथा सहकार्य गरी कानून निर्माणमा त्यस्ता निकायका असल अभ्यासको अनुसरण गर्ने,<br>(घ) कानून र न्यायका मान्य सिद्धान्त तथा नविनतम प्रविधिको उपयोग गरी गुणस्तरीय कानून निर्माण र प्रविधि मैत्री आयोग बनाउन पहल गर्ने,<br>(ङ) आयोगको काम कारबाही समन्वयत्मक ढङ्गले सञ्चालन गर्ने,<br>(च) आयोगसँग सम्बन्धित अन्य काम गर्ने, र<br>(छ) अध्यक्षले तोकेको काम गर्ने।“ | थप स्पष्टता कायम गर्न आवश्यक भएकोले। |
| १०. | ११ | १४. <u>अध्यक्ष तथा उपाध्यक्षको पारिश्रमिक र सुविधाः</u> (१) अध्यक्ष तथा उपाध्यक्षले क्रमशः सर्वोच्च अदालतका न्यायाधीश तथा संवैधानिक निकायका प्रमुख पदाधिकारीले पाए सरहको पारिश्रमिक र अन्य सुविधा पाउने छन् ।<br>(२) अध्यक्षले भइपरी आउने विदा र पर्व विदा | **<u>मूल ऐनको दफा १४ मा संशोधन</u> :** मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ :-<br>“१४. **<u>उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवाका शर्त र सुविधा</u> :** (१ उपाध्यक्ष तथा दफा ४ को उपदफा (१) को खण्ड (ग) | आयोगका उपाध्यक्ष र नियुक्त हुने सदस्य आयोगमा पूरा समय काम गर्ने भएकोले निजहरूलाई दिइने पारिश्रमिक र सुविधाका |

| | | | | |
|---|---|---|---|---|
| | | आफैले लिन सक्नेछ र अध्यक्षको अन्य विदा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रीले स्वीकृत गर्नेछ ।<br>(३) उपाध्यक्षले भइपरी आउने विदा र पर्व विदा आफैले लिन सक्नेछ र उपाध्यक्षको अन्य विदा अध्यक्षले स्वीकृत गर्नेछ ।<br>(४) दफा १३ को उपदफा (२) को खण्ड (ख) बमोजिमको अवस्थामा एक पटकमा सात दिनभन्दा बढी अध्यक्षको रुपमा काम गर्ने उपाध्यक्षले त्यसरी अध्यक्षको रुपमा काम गरेको अवधिभरको लागि अध्यक्षले पाए सरहको पारिश्रमिक र अन्य सुविधा पाउनेछ । | र (घ) बमोजिम नियुक्त सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।<br>(२) उपाध्यक्ष र नियुक्त सदस्यले क्रमशः संवैधानिक निकायका प्रमुख र सदस्यले पाए सरहको पारिश्रमिक र सुविधा पाउनेछन्।" | सम्बन्धमा स्पष्ट व्वस्था गर्न आवश्यक भएकोले। |
| ११. | १२ | १५. सचिवः (१) आयोगको सचिवको रुपमा काम गर्न आयोगमा एकजना नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको अधिकृत रहनेछ।<br>(२) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–<br>(क) आयोगको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने,<br>(ख) आयोगको प्रशासकीय काम कारबाहीलाई व्यवस्थित गर्ने, गराउने,<br>(ग) प्रचलित कानून बमोजिम विभागीय प्रमुखको हैसियतले गर्नुपर्ने काम गर्ने, | **मूल ऐनको दफा १५ मा संशोधन :** मूल ऐनको दफा १५ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-<br>"(घ१) आयोगको बैठकको प्रस्ताव तयार गरी पेस गर्ने," | आयोगको बैठकमा प्रस्ताव पेस गर्नुपर्नेका स्पष्ट व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| १२. | १३ | १७. <u>विशेषज्ञको सेवा लिन सक्ने:</u> (१) आयोगले आवश्यकतानुसार आयोगको कामको सम्बन्धमा विभिन्न विशेषज्ञको सेवा लिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम विशेषज्ञको सेवा लिए बापतनिजलाई आयोगले तोके बमोजिमको भत्ता उपलब्ध गराइनेछ । | **<u>मूल ऐनमा दफा १७ मा संशोधन</u> :** मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-<br>"**१७.<u>विशेषज्ञको सेवा लिन सक्ने :</u>** (१) आयोगले दफा १० बमोजिमका विषयमा अध्ययन, अनुसन्धान गर्न सम्बन्धित क्षेत्रका विशेषज्ञ व्यक्तिको सूची तयार गरी रोष्टर बनाउनेछ।<br>(२) आयोगले उपदफा (१) बमोजिमको सूचीमा रहेका विशेषज्ञ व्यक्तिबाट आवश्यकताअनुसार अध्ययन, अनुसन्धान गराउन सक्नेछ।<br>(३) आयोगले सम्पादन गर्नुपर्ने कुनै विशेष अध्ययन, अनुसन्धान सम्बन्धी कार्यको लागि आयोगमा आवश्यक जनशक्ति नभएको अवस्थामा त्यस्तो कार्यका लागि विशेषज्ञ सेवा लिन सक्नेछ।<br>(४) उपदफा (२) र (३) बमोजिमको सेवा लिए बापतको सुविधा उपलब्ध गराउनु पूर्व नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।" | आयोगले गर्ने अध्ययन अनुसन्धान सम्बन्धी कार्यमा सम्बन्धित विषय विज्ञलाई संलग्न गराउन पर्ने अवस्थामा त्यसरी गराइने अध्ययन अनुसन्धान सम्बन्धी कार्यमा संलग्न गराउन विज्ञको रोष्टर तयार गरी राख्ने र उक्त रोष्टरमा समावेश भएका व्यक्तिबाट अध्ययन अनुसन्धान सम्बन्धी कार्य गराउन सकिने व्यवस्था गर्न आवश्यक भएकोले। |
| १३. | १४ | नयाँ व्यवस्था | **<u>मूल ऐनको दफा २१ मा संशोधन</u>** : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ :-<br>"२१. **<u>आयोग मार्फत विधेयक तर्जुमा गर्नुपर्ने</u>** : | कानून तर्जुमाको गुणस्तर कायम राख्नको लागि विस्तृत अध्ययन तथा अनुसन्धानमा आधारित |

| | | | | |
|---|---|---|---|---|
| | | | नेपाल सरकारको सम्बन्धित मन्त्रालयले विस्तृत अध्ययन तथा अनुसन्धानमा आधारित भई विधेयकको तर्जुमा गर्नुपर्ने भएमा त्यस्ता विधेयकको मस्यौदा आयोगबाट गराउनु पर्नेछ।” | भई विधेयक तर्जुमा गर्नु पर्ने अवस्थामा आयोगले विधेयकको मस्यौदा गर्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| १४. | १५ | नयाँ व्यवस्था | **<u>मूल ऐनमा दफा २१क. र २१ख. थप</u>** : मूल ऐनको दफा २१ पछि देहायको दफा २१क. र दफा २१ख. थपिएको छ :-<br><br>“२१क. **<u>प्रदेश तथा स्थानीय तहको विधेयक तर्जुमा गर्ने</u>** : आयोगले प्रदेश र स्थानीय तहको अनुरोधमा प्रदेश तथा स्थानीय तहको लागि आवश्यक विधेयक तर्जुमा गर्न सक्नेछ।<br><br>(२) उपदफा (१) बमोजिमको विधेयक प्रदेश वा स्थानीयतहबाट अनुरोध भई आएको मितिले सामन्यतया नब्बेदिन भित्र तर्जुमा गरी पठाउनु पर्नेछ।<br><br>२१ख. **<u>नमूना कानूनको मस्यौदा गर्नु पर्ने</u>** : (१) प्रदेश र स्थानीय तहका लागि नेपाल सरकारले बनाउनु पर्ने नमूना कानूनको मस्यौदा तयार गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले आयोगलाई अनुरोध गर्न सक्नेछ।<br><br>(२) उपदफा (१) बमोजिम | प्रदेश तथा स्थानीय तहले निर्माण गर्नुपर्ने विधेयकहरूको तर्जुमाको लागि अनुरोध भई आएमा कानून आयोगले तर्जुमा गर्न सक्ने गरी ऐनद्वारा नै व्यवस्था गर्न आवश्यक भएकोले।<br><br>प्रदेश र स्थानीय तहबाट निर्माण हुने कानूनहरूमा एकरूपता कायम गर्नु पर्ने प्रकृतिका विषयमा नेपाल सरकारले बनाउनु पर्ने नमूना कानूनको मस्यौदा |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुरोध भई आएमा आयोगले नब्बेदिन भित्र नमूना कानूनको मस्यौदा तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पेस गर्नु पर्नेछ।" | कानून आयोग मार्फत निर्माण गर्न उपयुक्त हुने भएकोले। |
| **१५.** | १६ | २२. <u>प्रतिवेदन पेश गर्नु पर्ने:</u> आयोगले आफूले वर्ष भरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ। | **<u>मूल ऐनको दफा २२ मा संशोधन:</u>** ऐनको दफा २२ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "प्रधानमन्त्री" भन्ने शब्द राखिएको छ। | आयोगको अध्यक्ष कानून, न्याय तथा संसदीय मामिला मन्त्री हुने गरी विधेयक तयार गरिएकोले आयोगको प्रतिवेदन प्रधानमन्त्रीमक्ष पेस गर्ने व्यवस्था मिलाउन आवश्यक भएकोले। |
| **१६.** | १७ | २५. <u>शपथ ग्रहण:</u> आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रधान न्यायाधीश समक्ष र उपाध्यक्ष तथा सदस्यले अध्यक्ष समक्ष अनुसूचीमा उल्लिखित ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ । | **<u>मूल ऐनको दफा २५ मा संशोधन</u> :** मूल ऐनको दफा २५ मा रहेका "अध्यक्षले प्रधान न्यायाधीशसमक्ष र उपाध्यक्ष तथा सदस्यले अध्यक्ष समक्ष" भन्ने शब्दहरूको सट्टा "उपाध्यक्ष र सदस्यले अध्यक्षसमक्ष" भन्ने शब्दहरू राखिएका छन्। | कानून, न्याय तथा संसदीय मामिला मन्त्री आयोगको अध्यक्ष रहने व्यवस्था गरिएको परिप्रेक्ष्यमा साविकको अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको प्रधान न्यायाधीश समक्ष सपथ लिने व्यवस्थालाई परिमार्जन गरी उपाध्यक्ष र सदस्यले अध्यक्ष समक्ष सपथ लिने व्यवस्था गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | | | आवश्यक भएकोले। |
| **१७.** | १८ | व्यवस्था नभएको | **<u>मूल ऐनमा दफा २७क. थप</u>** : मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छ:-<br>“२७क. <u>निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u> : यस ऐनको प्रभावकारी कार्यान्वयन गर्न आयोगले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।” | ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने प्रत्यायोजित विधायन जारी गर्न अधिकार प्रत्यायोजन गर्न आवश्यक भएकोले। |
| **१८.** | १९ | अनुसूची<br>(दफा २५ सँग सम्बन्धित)<br><u>शपथ</u><br>म … … … … … …सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता र प्रचलित संविधान तथा अन्य कानूनप्रति निष्ठावान रही आफूले ग्रहण गरेको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफूबहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।<br>मितिः हस्ताक्षर | **<u>मूल ऐनको अनुसूचीमा संशोधन</u>** : मूल ऐनको अनुसूचीमा रहेका “अध्यक्ष/सदस्य” भन्ने शब्दहरूको सट्टा “उपाध्यक्ष/सदस्य” भन्ने शब्दहरू राखिएका छन्। | कानून, न्याय तथा संसदीय मामिला मन्त्री आयोगको अध्यक्ष रहने व्यवस्था गरिएको परिप्रेक्ष्यमा अनुसूचीमा रहेको “अध्यक्ष” भन्ने शब्दलाई हटाई उपाध्यक्ष शब्द राख्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | – | | |
| १९. | २० | ५. <u>मानार्थ सदस्यः</u> आयोगले आवश्यक ठानेको विषयसँग सम्बन्धित लब्धप्रतिष्ठित विज्ञहरुमध्येबाट बढीमा पाँचजना विज्ञलाई नेपाल सरकारले मानार्थ सदस्यमा नियुक्त गर्न सक्नेछ ।<br><br>९. <u>पदबाट हट्नेः</u> अध्यक्ष, उपाध्यक्ष वा सदस्यले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको भनी <u>प्रतिनिधि सभा, कानून तथा मानव अधिकार समितिका</u> बहुमत सदस्यले निर्णय गरेमा निजको पदावधि समाप्त नहुँदै निजहरु पदबाट हट्नेछन् ।<br><br>तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।<br><br>१२. <u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u> (१) अध्यक्ष आयोगमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।<br><br>(२) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–<br><br>(क) आयोगको काम कारबाही समन्वयात्मक ढंगले सञ्चालन गर्ने,<br><br>(ख) अध्यक्षको हैसियतले आयोगसँग सम्बन्धित अन्य काम गर्ने,<br><br>(ग) नेपाल सरकारले तोकेको काम गर्ने । | **<u>खारेजी</u>** : मूल ऐनको दफा ५, ९, १२ र १९ खारेज गरिएको छ। | ऐनमा रहेका विभिन्न दफाहरूमा गरिएको संशोधनका कारण उल्लिखित दफाहरू हटाउन आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | १९. <u>बैठक भत्ताः</u> सदस्यहरुले आयोगको बैठकमा भाग लिए बापत नेपाल सरकारले तोके बमोजिमको बैठक भत्ता पाउने छन् । | | |